हरित नगर समृद दमक

दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९

च.नं. ५१०१

## व्यवसायका लागि कोठा वहालमा लिन आव्हान गरिएको सूचना।

*(दोस्रो पटक सूचना प्रकाशन मिति २०७८/११/२३)*

यस दमक नगरपालिका वडा नं. ३ मा स्थीत दमक नगरपालिका र लुथरन बिश्व फेडरेशनको लागत सहभागितामा निर्मित बेलडागी बजारमा रहेको सटर र खुल्ला सेडहरु भाडामा लगाईने भएको हुँदा तपशिल वमोजिमका शर्त र वन्देजहरुको परिधि भित्र रही तोकिएको ढाँचामा ३ नं. वडा कार्यालयबाट उपलब्ध हुने आवेदन फाराम भरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :-

१. आवेदन फाराम दमक नगरपालिका ३ नं. वडा कार्यालयवाट रु.५००।- (पाँच सय मात्र) फिर्ता नहुने गरी फाराम शुल्क बुझाई प्राप्त गर्न सकिने छ।

२. आवेदन फाराम सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र आवेदन खरिद गरी दर्ता गरी सक्नु पर्नेछ।

३. आवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हाल सालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो र भुटानी शरणार्थीको हकमा शरणार्थी परिचय पत्र र क्याम्प व्यवस्थापन समितिको सिफारिस पत्र र संलग्न गर्नु पर्नेछ।

४. सटर र खुल्ला सेडको मासिक भाडा क्रमश रु.३,०००।- र रु.१५००।- कायम गरिएको छ।

५. आवेदन साथ धरौटी वापतको रकम सटरको हकमा रु.६,०००।- र खुल्ला सेडको हकमा रु.३,०००।- नगदै वा दमक नगरपालिकाको नाममा रहेको धरौटी खाता रा.बा. बैंक दमक शाखाको हि.नं. २१४०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ।

६. पेश भएको आवेदन स्वीकृत भए पश्चात सम्झौता गर्नु अघि मासिक भाडा वापतको रकम सटरको हकमा रु.३०००।- र खुल्ला सेडको हकमा रु.१५००।- नगदै वडा कार्यालयमा बुझाएको हुनु पर्नेछ।

७. वडा कार्यालयवाट गोला प्रथा गरी आवेदकलाई कोठा छनौट गर्न दिईने छ।

८. पानी, विधुत महशुल भुक्तानी र फोहोरमैला व्यवस्थानका लागि बजार व्यवस्थापन समिति गठन गरिनेछ। यस समितिले सो हाटबजार केन्द्रमा रहेका पसल कवल गर्ने व्यवसायीहरुले पानी, बिजुली, लगायतका सेवा सञ्चालन र उपभोग गर्ने सेवा शर्तहरु तयार गरी महशुल भुक्तानीको बिधि तयार गरी लागू गर्नेछ। सम्वन्धित व्यवसायीको निष्कृयता र लापरवाहीको कारणबाट विधुत लाईन र खानेपानी कटौती हुने अवस्था

हरित नगर समृद्ध दमक
दमक नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
दमक, झापा
१नं. प्रदेश, नेपाल

प.सं. ०७८।७९
च.नं. ५१०१

आएमा स्वम् नै जिम्बेवार भई त्यसको व्यवस्थापन गर्नु पर्नेछ, आवश्यकता अनुसार वडा कार्यालयवाट सहजिकरणको भूमिका निर्वाह गरिने छ ।

९. पसल कवल भित्रको आन्तरिक सजावटको प्रयोजनका लागी वाहेक अन्य संरचना परिवर्तन गर्नु पर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्न सकिने छ ।

१०. आफुले लिएको कोठा अन्यलाई हस्तान्तरण गर्नु परेमा नियमानुसार नामसारी गरे पश्चात मात्र हस्तान्तरण गर्न पाईनेछ । अन्य व्यक्तिले सो कोठा प्रयोग गर्न पाईनेछैन ।

११. रित नपुगी आएको वा स्याद नाघी आएको निवेदनलाई कुनै मान्यता दिइने छैन ।

१२. यस सम्झौतामा लेखिएको शर्तहरुको हकमा यसै वमोजिम र उल्लेख नभएको शर्तहरुको हकमा प्रचलित ऐन कानुन र सम्झौतामा उल्लेख भएका शर्त वमोजिम हुनेछ ।

१३. दमक नगर कार्यपालिका तथा वडा कार्यालयवाट जारी निर्देशनहरुको सम्वन्धित वहालवालाले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१४. अन्य थप जानकारीको लागि यस नगर कार्यपालिकामा सम्पर्क राख्न सकिनेछ ।

.............................
दिनेशकुमार न्यौपाने
उपसचिव
अधिकृत: दशौं तह